**आकाशवाणी समाचार- नेपाली**

मितिः २३ फरवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- **प्रधानमंत्री नरेंद्र मोदीको मध्य प्रदेश, बिहार अनि असमको तीन दिनको भ्रमण आज देखि शुरु भैरहेको छ।**

- वित्तमंत्री निर्मला सीतारमणले भन्नुभएको छ कि नवाचार अनि पेटेंटको क्षेत्रमा भारत तिब्र गतिमा अघि बढिरहेको छ।

- केन्द्रीय राज्य मंत्री जितेन्द्र सिंहले राम्रो उपचारको लागि सरकारी अनि गैर-सरकारी अस्पतालहरु बीच असल तालमेल माथि जोर दिनुभएकोछ।

- दिल्लीको नवगठित विधानसभाको तीन दिनको पहिलो सत्र भोलीदेखि सुरु हुँदैछ।

- उत्तर प्रदेशको प्रयागराजमा महाकुम्भको त्रिवेणी संगममा अहिलेसम्म ६० करोड ७४ लाखभन्दा अधिक श्रद्धालुले स्नान गरिसकेका छन्।

- आईसीसी पुरुष चैंपियंस ट्रॉफी क्रिकेटमा आज दुबई इंटरनेशनल स्टेडियममा भारतको भिडन्त पाकिस्तानसित हुनेछ।

**पीएम यात्रा**

प्रधानमंत्री नरेंद्र मोदीको मध्य प्रदेश, बिहार अनि असमको तीन दिनको भ्रमण आज देखि शुरु भैरहेको छ। उहाँ आज मध्यप्रदेशको छतरपुर जिल्लामा , बागेश्वर धाम चिकित्सा एवं विज्ञान अनुसंधान संस्थानको आधारशिला रख्नुहुनेछ। यस कैंसर अस्पतालमा निसुल्क उपचार हुनेछ। श्री मोदीले भोपालमा 2 दिनको वैश्विक निवेशक शिखर सम्मेलनको पनि उद्घाटन गर्नुहुनेछ।प्रधानमंत्री भोलि सोमवार बिहारको भागलपुर जानुहुनेछ अनि पीएम किसान योजनाको 19ओ किस्ती जारी गर्नुहुनेछ |यसको साथै उहाले बिहारमा विभिन्न विकास परियोजनाहरुको उद्घाटन अनि लोकार्पण पनि गर्नुहुनेछ। यसले देशभरिकै 9 करोड़ सात लाख भन्दा अधिक कृषकहरुलाई 21 हजार 500 करोड़ रुपियाँ भन्दा अधिकको सीधा लाभ पुग्नेछ।

****** ० ******

**उपराष्ट्रपति जयपुर दौरा**

**उप-राष्ट्रपति जगदीप धनखड़ आज राजस्थानको राजधानी जयपुरको एक दिने भ्रमणमा रहनुहुने छ। यात्राको अवधि श्री धनखड़, जयपुर राष्ट्रीय विश्वविद्यालयको 14ओ दीक्षांत समारोहमा मुख्य अतिथि रहनुहुनेछ।**

****** ० ******

**जितेन्द्र सिंह अस्पताल**

केन्द्रीय राज्य मंत्री जितेन्द्र सिंहले राम्रो उपचारको लागि सरकारी अनि गैर-सरकारी अस्पतालहरु बीच असल तालमेल माथि जोर दिनुभएकोछ। उहाले भन्नुभयो कि परस्पर समन्वयको कारणनै निजी अस्पतालहरु सफल रहेका छन्। डॉक्टर सिंहले भन्नुभयो - केन्द्र सरकारले अस्पतालहरु अनि नर्सिंग होम बीच सहयोगलाई बढ़ावा दिईरहेको छ , ताकि सुदुर्वारती मानिसहरुलाई बीमारिहरुको रोकथाममा सहयोग पुग्न सकोस। उहाले यो कुरा हिज जम्मू-कश्मीरको अख़नूरमा **नीलकंठ हेल्थ केयर एण्ड हॉस्पिटल को** उद्घाटन गर्दै भन्नुभएको हो। डॉक्टर सिंहले अझ भन्नुभयो कि राष्ट्रीय जनतांत्रिक गठबंधन-**एन.डी.ए**. सरकारले देशमा 1 लाख 50 हजार आरोग्य केन्द्र खोलेको छ। **आयुष्मान भारत बिश्वकै सबै भन्दा ठुलो** स्वास्थ्य बीमा योजना रहेको पनि उहाले बताउनुभयो।

****** ० ******

**दिल्ली विधानसभा सत्र**

दिल्लीको नवगठित विधानसभाको तीन दिनको पहिलो सत्र भोलीदेखि सुरु हुँदैछ। सत्रको पहिलो दिन नवनिर्वाचित सदस्यहरूलाई शपथ ग्रहण गराइने छ र सोही दिन विधानसभा अधक्ष्यको निर्वाचन पनि हुनेछ। अधिवेशनको दोस्रो दिन दिल्लीका उपराज्यपाल विनयकुमार सक्सेनाले विधानसभालाई सम्बोधन गर्नेछन् र पछिल्लो सरकारको कामकाज सित जुडेको सीएजी प्रतिवेदन पनि पेश गरिनेछ।यसै बीच श्री सक्सेनाले बिधायक अरविंदर सिंह लवलीलाई प्रोटेम स्पीकर नियुक्त गर्नु भएको छ।श्री लवलीले नवनिर्वाचित बिधायकहरुलाई पद अनि गोपनियताको शपथ दिलाउने छन्।

****** ० ******

**जयशंकर-मोदी-अमरीका यात्रा**

विदेश मंत्री डॉ जयशंकरले भन्नुभएको छ कि यसै महिनाको प्रारम्भमा भएको प्रधानमंत्री नरेंद्र मोदीको अमरीका यात्रा धेरै सफल रह्यो। डॉ जयशंकरले भन्नुभयोकि कि प्रधानमंत्री मोदी अनि अमरीकी राष्ट्रपति डोनाल्ड ट्रंप बीच तालमेल राम्रो रह्यो। श्री मोदीले 12 अनि 13 फरवरीमा अमरीकाको आधिकारिक यात्रा गर्नुभएको थियो , त्येस अवधि दुवै नेताहरुले बिभिन्न द्विपक्षीय मुद्दाहरु माथि चर्चा गरे। डॉ जयशंकरले यसो पनि भन्नुभयो कि मानिसहरुले जान्दछन् कि प्रधानमंत्री नरेंद्र मोदी धेरै द्रिड राष्ट्रवादी हुन् अनि उहाले यसको झलक देखाउनु पनि हुन्छ। विदेश मंत्रीले भन्नुभयो -ट्रंप अनि श्री मोदी दुवै राष्ट्रवादी हुन् अनि एक-अर्काको सम्मान गर्दछन्। दुवै नेताहरु सित आफ्नो-आफ्नो देशहरुबारे एक विजन रहेको अनि दुवै देशले मिलेर काम गर्न जारी राख्ने डॉ जयशंकरले अझ बताउनुभयो । भारतको उदय माथि एक प्रश्नको उत्तर दिनुहुदै डॉ जयशंकरले भन्नुभयो -देशको उदयले केहि मानिसहरुलाई चिन्तित बनाएको छ।

****** ० ******

**सीतारमण-केरल**

वित्तमंत्री निर्मला सीतारमणले भन्नुभएको छ कि नवाचार अनि पेटेंटको क्षेत्रमा भारत तिब्र गतिमा अघि बढिरहेको छ। वित्तमंत्रीले हिज केरलको कोट्टयममा भारतीय सूचना प्रौद्योगिकी संस्थानको छैठो दीक्षांत समारोहलाई संबोधित गर्दै हुनुहुन्थियो। उहाले भन्नुभयो -देश आर्टिफिशियल इंटेलिजेंसको क्षेत्रमा अग्रणी रहेको छ। श्रीमती सीतारमणले भन्नुभयो कि जीवन सुगम बनाउनमा प्रौद्योगिकीको व्यापक भूमिका रहेको छ। उहाले संस्थानका शिक्षकहरु अनि छात्रहरुलाई शिक्षा अनुसंधानको क्षेत्रमा गरिएका कार्यहरुका लागि शुभकामना दिनुभएको छ। उहाले यस अवसरमा संस्थानको नयाँ शैक्षिक भवनको उद्धाटन पनि गर्नुभयो।

****** ० ******

**महाकुंभ - प्रमुख भक्त**

उत्तर प्रदेशको प्रयागराजमा महाकुम्भको त्रिवेणी संगममा अहिलेसम्म ६० करोड ७४ लाखभन्दा अधिक श्रद्धालुले स्नान गरिसकेका छन्। महाकुम्भमा स्नान गर्न विश्वभरका लाखौं श्रद्धालु आउने गरेका छन्। हिज

लगभग 1.43 करोड़ श्रद्धालुहरुले संगम समुद्र तटमा पवित्र डुबकी लगाए,जसमा कयौ प्रमुख व्यक्तित्व शामेल थिए।

.****** ० ******

**प्रधानमंत्री - मन की बात**

प्रधानमंत्री नरेंद्र मोदीले आज पुर्वांह 11 बजे आकाशवाणी बाट 'मन की बात' कार्यक्रममा श्रोताहरु सित आफ्नो विचार साझा गर्नुहुनेछ। यो यस मासिक रेडियो कार्यक्रमको 119 ओ प्रकरण हुनेछ। कार्यक्रमको प्रसारण आकाशवाणी अनि दूरदर्शनको समस्त नेटवर्क, आकाशवाणी समाचार वेबसाइट अनि न्यूज़ ऑन एआईआर मोबाइल ऐप मा गरिनेछ। यसलाई आकाशवाणी समाचार, डीडी न्यूज़, पीएमओ तथा सूचना अनि प्रसारण मंत्रालयको यूट्यूब चैनलमा पनि प्रसारित गरिनेछ। हिंदी प्रसारणको तुरन्तै पछि आकाशवाणीबाट **क्षेत्रीय भाषाहरुमा** कार्यक्रमको प्रसारण हुनेछ।

****** ० ******

नौसेना जहाज संग्रहालय

भारतीय नौसेनाले एक ऐतिहासिक पाइला चल्दै , भारतको पहिलो अंडरवाटर म्यूजियम अनि कृत्रिम चट्टानको रूपमा रूपांतरणको लागि महाराष्ट्र पर्यटन विकास निगम -एमटीडीसी लाई सेवामुक्त लैंडिंग शिप टैंक आईएनएस गुलदार सुम्पिएको छ। एमटीडीसी ले यस जहाजको रूपांतरण गर्नेछ , जसमा जहाजको सफाई, पर्यावरणीय स्वीकृति अनि सुरक्षा सावधानिहरुबारे ध्यान राखिने छ। सिंधुदुर्ग मा यस जहाजलाई डुबाउनले समुद्री संरक्षणलाई बढ़ावा पुग्नेछ अनि अंडरवाटर पर्यटनको क्षेत्रमा भारतको पहिचान बलियो हुनेछ। यस पहलले तटीय समुदायहरुका लागि रोजगारको अवसर पनि उत्पन्न हुनेछ अनि भारतीय नौसेनालाई गोताखोरी प्रशिक्षणको अवसर प्राप्त हुनेछ।

****** ० ******

**टीबी-अभियान**

स्वास्थ्य अनि परिवार कल्याण मंत्रालयको 100 दिनको टीबी उन्मूलन अभियानमा देशमा पांच लाख भन्दा अधिक टीबी रोगीहरु बारे पत्तो लागेको छ। यस अभियानमा सामेल 455 जिल्लाहरुमा टीबी को 3 लाख 57 हजार भन्दा अधिक रोगीहरु बारे जानकारी प्राप्त भएको छ। मंत्रालयले भनेको छ कि यस बीमारीको लागि गरिएको अभियान अवधि 10 करोड़ भन्दा अधिक मानिसहरुको जांच गरियो। अभियान अन्तर्गत 10 लाख निक्षय शिविर लगाईयो अनि 836 वाहनहरुको सेवा उपलब्ध गराईयो ताकि मानिसहरु टीबी उपचार केन्द्रहरु सम्म जान सकून्।

****** ० ******

**जम्मू-कश्मीर बस दुर्घटना**

जम्मू–कश्मीरको माण्डा क्षेत्रमा शनिबार साँझ भएको बस दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने अन्य १६ जना घाइते भएका छन्। माता वैष्णो देवीको दर्शन गरी दिल्लीतर्फ जाँदै गरेको बस दुर्घटना भएको हो।प्राप्त जानकारी अनुसार जम्मुको बाहिरी इलाकामा रहेको मान्डा नजिकै बस मोडमा पुग्नासाथ चालकले नियन्त्रण गुमाएपछि बस खाल्डोमा खसेको थियो। दुर्घटनालगत्तै उद्धार कार्य सुरु गरिएको थियो। १७ जनालाई खाल्डोबाट बाहिर निकालेर सरकारी मेडिकल कलेज अस्पतालमा लगिएको थियो, जहाँ एक जना घाइतेलाई मृत घोषित गरियो। घाइते सबै यात्रुको अवस्था स्थिर रहेको बताइएको छ। मुख्यमन्त्री उमर अब्दुल्लाहले घटनाप्रति दुःख व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ। उहाँले दुर्घटनाको द्रुत उद्धार कार्यमा संलग्न अधिकारी र टोलीको पनि प्रशंसा गर्नुभयो।

****** ० ******

**सूडान-हैजा**

सूडानमा , बिगत तीन दिनहरुमा हैजाको प्रकोपको कारण लगभग 60 ब्येक्तिहरुको मृतु भएको छ अनि लगभग एक हजार 300 मनिसहरु बीमार भएका छन्। स्वास्थ्य अधिकारिहरुले कोस्टी शहरमा मुख्य रूपले दूषित

पिउने पानीको कारण हैजा फैलिएको संकेत दिएका छन् , किनभने शहरको जल उपचार संयंत्रलाई एक कुख्यात अर्धसैनिक समूहको हमलाको कारण बंद गरिएको थियो। यो समूहले लगभग 2 बर्ष देखि देशको सेना सित लड़ाई गरिरहेको छ। मंत्रालयको एक बयान अनुसार, हैजाक कारण बुधबार अनि शनिवार बीच 58 मानिसहरुको मृयु भएको छ अनि 1,293 मानिसहरु बीमार भएका छन्।

****** ० ******

**भारत-पाक क्रिकेट आईसीसी**

आईसीसी पुरुष चैंपियंस ट्रॉफी क्रिकेटमा आज दुबई इंटरनेशनल स्टेडियममा भारतको भिडन्त पाकिस्तानसित हुनेछ। यस म्याचको सबै टिकटहरु अघिबाटै बिक्री भैसकेको छ। बांग्लादेश बिरुद्धको जीत सितै आईसीसी प्रतियोगिताको शुरुआत गरे पछि भारत उत्साहित छ भने त्येही न्यूजीलैंड बिरुद्ध आफ्नो पहिलो म्याच हरे पछि पाकिस्तान दबावमा छ | बिगत एक दशकमा विशेष रूपले बर्ष 2015 पछि , भारत पाकिस्तान बिरुद्ध केवल एक म्याच हरेको छ , जबकि सात जितेको छ अनि एउटा म्याचा ड्रॉ रह्यो।

****** ० ******